सातौं गाउँ सभामा बैठकमा २०७७ असार १० गते बुधबार
उपाध्यक्ष कारग्याल्मु श्रेष्ठबाट
प्रस्तुत भई स्वीकृत भएको

# आर्थिक वर्ष २०७७/०७८ को
# बजेट, नीति तथा कार्यक्रम

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रुबेंसी, रसुवा
२०७७

सभाध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालले संघीयताको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा अभ्यास गर्दै आएको सन्दर्भमा गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षको रुपमा विषम, जटिल र चुनौतीपुर्ण परिस्थितिवीच यस गरिमामय गाउँ सभाको वैठकमा आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यो महत्वपूर्ण अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तन ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत व्यक्तित्वहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै समावेशी, समतामूलक, न्यायपूर्ण समाज निर्माण, विकास र समृद्धि, लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र विभिन्न अग्रगामी आन्दोलनहरुमा संलग्न र नेतृत्व गर्नु हुने प्रतिवद्ध महान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको कारण विश्वले एकैपटक मानवीय, सामाजिक, आर्थिक, राजनैतिक र आर्थिक संकट गर्नु परिरहेको छ । स्वास्थ्य संकटबाट उत्पादन, व्यापार तथा लगानी सम्मको श्रृङ्खला प्रभावित भई विश्व अर्थतन्त्रमा ठूलो संकुचन आउने स्पष्ट र सघन संकेत देखिएको छ । विश्व अर्थतन्त्र सँगको अन्तरआवद्धता र पारस्परिकताको कारण गोसाईकुण्ड गाउँपालिकाको प्रमुख क्षेत्रहरुमा समेत गम्भिर प्रभाव पर्न थालिसकेको छ ।

यो बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई गतिशिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु । कोरोनाले सम्पूर्ण क्षेत्रमा असर पारेर हाम्रो सपना, योजना र प्रयासमा जटिलताहरु थपिदिएको छ । यो शताव्दीकै यस विषम परिस्थितिमा सदैव विषम परिस्थितिमा सहयोग गर्ने सवै राजनीतिक दल, जनप्रतिनिधि, संघ संस्था, आम नागरिकको सहयोग, प्रतिवद्धता, दृढता र ऐक्यवद्धताले वर्तमान विद्यमान चुनौतीको सामना गर्दै अझ राम्रो व्यवस्था निर्माण गर्न सकिन्छ भन्नेमा गोसाईकुण्ड गाउँपालिकाको दृढ विश्वास छ ।

आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्छ भन्नेमा गोसाईकुण्ड गाउँपालिका सचेत छ । यस अवस्थामा गोसाईकुण्ड गाउँपालिकाको जनताको जीवन रक्षा गर्ने, भविष्यप्रति आशावान बनाउने, अर्थतन्त्रको अवयवहरुलाई पुनरुत्थान गर्दै तीव्र विकास र निर्माणको दिशामा लैजाने गरी बजेट तर्जुमा गरिएको छ ।

त्यस्तै राज्य पुनर्संरचनाको महत्वपूर्णको पक्षको रुपमा रहेको वित्तीय संघीयता कार्यान्वयन गर्न स्थानीय तहलाई श्रोत, साधन, उत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण गरिएको सन्दर्भमा संघीयताको मूल मर्मलाई हासिल गर्न थप चुनौतीको साथै थप अवसर छ । संघीयता कार्यान्वयन गर्दै स्थानीय तहको ज्ञान, सीप, क्षमता र दक्षतालाई उपयोग गरी समृद्द नेपाली,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्दै दिगो विकास प्राप्त गर्ने लक्ष्यतर्फ यो गाउँपालिका अग्रसर छ । सामाजिक न्याय र तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी गाउँपालिका, सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्न यो गाउँपालिका सदैव प्रतिवद्ध छ ।

सभाध्यक्ष महोदय,

“जल विद्युत पर्यटन रसुवागढी नाका पूर्वाधार र शिक्षा, सुसंस्कृत र समृद्द गोसाईकुण्ड लाङटाङ हाम्रो सदिक्षा” भन्ने गोसाईकुण्ड गाउँपालिकाको दिर्घकालिन सोचलाई पुरा गर्न यो वजेट पनि अघिल्लो बजेट जस्तै केन्द्रित छ ।

सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका प्रमुख उद्देश्यहरु देहाय बमोजिम उल्लेख गरेको छुः

१. कोरोना लगायत सवै प्रकारका स्वास्थ्य जोखिमबाट गोसाईकुण्ड गाउँपालिकाको गाउँवासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ्य जनशक्ती विकास
२. कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपुर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान
३. गोसाईकुण्ड, लाङटाङ हिमाल, नागथली, दुधकुण्ड, ऐतिहासिक रसुवागढी जस्ता पर्यटकीय क्षेत्रको पर्वद्धन मार्फत पर्यटकीय पदमार्गको विकास गरेर गाउँपालिकालाई पर्यटकको गन्तव्य क्षेत्रको रुपमा विकास गर्ने
४. भौगोलिक रुपमा गोसाईकुण्ड गाउँपालिकाको गाउँवस्तीहरु विकट भएकोले गोसाईकुण्ड गाउँपालिकाको सडक यातायात गुरुयोजना बमोजिम सवै वडाहरुका जनताहरुको सडक सहज पहुँच वृद्धि गर्ने
५. स्थानीय कला, संस्कृति, धर्म र परम्पराको संरक्षण मार्फत स्थानीय जनताको ऐतिहासिक पहिचानका आधारहरुको संरक्षण गर्ने

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०७७/७८ को बजेटका प्राथमिकताहरु निम्न अनुसार उल्लेख गरेको छुः

१. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित गर्ने
२. गुम्बा तथा विहारको निर्माण र मर्मत मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने
३. शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी यी क्षेत्रहरुको विकास गर्ने
४. सुशासन र संस्थागत विकास गर्ने

सभाध्यक्ष महोदय,
अव म क्षेत्रगत बजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहान्छुः

१. सामाजिक विकास

सामाजिक विकास तर्फ निसर्त अनुदानको ३९ लाख, संघको शसर्त अनुदान तर्फ ७ करोड ४६ लाख, प्रदेश शसर्त अनुदान तर्फ १ लाख ६९ हजार गरी **शिक्षा**मा जम्मा ७ करोड ८६ लाख ६९ हजार, निसर्त अनुदान तर्फ ५२ लाख ६४ हजार १ सय ७७ लाख, संघको शसर्त अनुदान तर्फ २ करोड ९३ लाख र प्रदेश शसर्त अनुदान तर्फ २० लाख ५१ हजार गरी **स्वास्थ्य**मा जम्मा ३ करोड ६६ लाख १५ हजार १ सय ७७, निशर्त तर्फ १ करोड ८४ लाख, प्रदेश शसर्त अनुदान तर्फ ४० लाख र प्रदेश विशेष अनुदान तर्फ ५० लाख गरी **खानेपानी तथा सरसफाई**मा जम्मा रु २ करोड ७४ लाख, निशर्त तर्फ **भाषा तथा संस्कृति**मा जम्मा रु ३ करोड ३२ लाख ४३ हजार ८ सय, निसर्त अनुदान तर्फ २५ लाख, संघको शसर्त अनुदान तर्फ ३ लाख गरी **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, वालवालिका तथा जेष्ठ नागरिक)** मा जम्मा रु २८ लाख, निसर्त तर्फ ९० लाख ९० हजार र संघ शसर्त अनुदान तर्फ १ लाख गरी **युवा तथा खेलकुदमा** जम्मा रु ९१ लाख ९० हजार, निसर्त तर्फ ११ लाख र संघ शसर्त अनुदान तर्फ ६७ लाख ८ हजार ८० रुपैयाँ र प्रदेश शसर्त तर्फ ९ लाख ७२ हजार गरी **सामाजिक सुरक्षा तथा संरक्षण**मा जम्मा रु ८७ लाख ८० हजार ८० रुपैयाँ गरी सामाजिक विकास तर्फ कुल बजेट रु १९ करोड ६६ लाख ९८ हजार ५७ रुपैयाँ विनियोजन गरिएको छ ।

२. आर्थिक विकास

निसर्त अनुदान तर्फ ९३ लाख, संघको शसर्त अनुदान तर्फ ७८ लाख र प्रदेश शसर्त अनुदान तर्फ ५ लाख गरी **कृषि**मा १ करोड ७६ लाख, त्यस्तै निसर्त तर्फ १३ लाख, संघ शसर्त तर्फ ३० लाख गरी **उद्योग**मा जम्मा रु ४३ लाख, त्यस्तै निसर्त तर्फ ४३ लाख ५० हजार, संघ शसर्त तर्फ ५ लाख गरी **पर्यटन**मा जम्मा रु ४८ लाख ५० हजार, त्यस्तै निसर्त तर्फ २ लाख ५० हजार गरी **सहकारी**मा २ लाख ५० हजार, त्यस्तै निसर्त अनुदान तर्फ ७० लाख र प्रदेश शसर्त अनुदान तर्फ १० लाख गरी **पशुपन्छी विकास**मा जम्मा रु ८० लाख, संघ शसर्त तर्फबाट ५ लाख गरी **जलश्रोत तथा सिंचाई**मा जम्मा रु ५ लाख, त्यस्तै संघ शसर्त अनुदान तर्फ रु १ लाख गरी **भूमि व्यवस्था**मा जम्मा रु १ लाख गरी आर्थिक विकासमा जम्मा रु ३ करोड ५६ लाख विनियोजन गरिएको छ ।

३. पूर्वाधार विकास

निसर्त तर्फ ३ करोड ५ लाख २ हजार ९ सय, संघ शसर्त अनुदान तर्फ ३० लाख र प्रदेश शसर्त अनुदान तर्फ २० लाख गरी **यातायात पूर्वाधार**मा जम्मा रु ३ करोड ५५ लाख २ हजार ९ सय, त्यस्तै निसर्त तर्फ ४ करोड २२ लाख २ हजार ८ सय ५३ रुपैयाँ ७७ पैसा र प्रदेश शसर्त अनुदान तर्फ रु ४० लाख गरी **भवन, आवास तथा शहरी विकास**मा जम्मा रु ४ करोड ६२ लाख २ हजार ८ सय ५३ रुपैयाँ ७७ पैसा, त्यस्तै निसर्त तर्फ २० लाख र संघ शसर्त अनुदान तर्फ ५ लाख गरी **उर्जा**मा २५ लाख, त्यस्तै

निसर्त अन्तर्गत रु १ करोड ५० लाख गरी **सम्पदा पूर्वाधार**मा जम्मा रु १ करोड ५० लाख, त्यस्तै निसर्त तर्फ रु ७ लाख गरी **विज्ञान तथा प्रविधि**मा जम्मा रु ७ लाख गरी पूर्वाधार विकासमा रु ९ करोड ९९ लाख ५ हजार ७ सय ५३ रुपैयाँ ७७ पैसा गरी विनियोजन गरिएको छ ।

४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र
निसर्त तर्फ **वातावरण तथा जलवायु**मा रु ३ लाख, निसर्त तर्फ **विपद व्यवस्थान**मा रु ३० लाख, संघ शसर्त अनुदान तर्फ शान्ति तथा सुव्यवस्थामा २९ लाख गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु ६२ लाख विनियोजन गरिएको छ ।

५. कार्यालय सञ्चालन तथा प्रशासनिक
निसर्त अन्तर्गत रु ७ करोड ३० लाख ३१ हजार १ सय ५६ रुपैयाँ ७ पैसा र संघ शसर्त तर्फ ७ लाख ४५ हजार **कार्यालय सञ्चालन तथा प्रशासनिक**मा जम्मा रु ७ करोड ३७ लाख ७६ हजार १ सय ५६ रुपैयाँ ७ पैसा बजेट विनियोजन गरिएको छ ।

**अनुमानित खर्च**

सभाध्यक्ष महोदय,
आगामी आर्थिक वर्षको अनुमानित खर्च ४१ करोड १० लाख २६ हजार ९ सय ६६ रुपैयाँ ८४ पैसा रहने अनुमानित प्रक्षेपण गरेको छु ।

खर्च वेहोर्ने श्रोतहरु
सभाध्यक्ष महोदय,

आगामी आ.व. २०७७/०७८ को व्यय व्यहोर्ने श्रोतको रुपमा संघीय सरकारबाट शसर्त अनुदानको रुपमा प्राप्त हुने रु १२ करोड ८९ लाख ८०, वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त हुने रु. ७ करोड ९९ लाख, राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु. ५ करोड ९७ लाख २ हजार ३० रुपैयाँ, प्रदेश शसर्त अनुदानबाट प्राप्त हुने रु. १ करोड ४६ लाख ९२ हजार, प्रदेश समानीकरण अनुदानको रुपमा प्राप्त हुने ९९ लाख ६२ हजार, प्रदेश राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु १ करोड २६ लाख ८४ हजार, प्रदेश समपूरक अनुदान ५० लाख, प्रदेश विशेष अनुदान ५० लाख, आन्तरिक आय ६४ लाख ६० हजार, गत वर्षको अल्या मौज्दात ८ करोड ९८ लाख ७९ हजार ९ सय ३६ रुपैयाँ ८४ पैसा गरी कुल बजेट रकम रु ४१ करोड १० लाख २६ हजार ९ सय ६६ रुपैयाँ ८४ पैसा श्रोत कायम हुने अनुमान गरिएको छ ।

**राजश्व परिचालन नीति**

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०७७/०७८ को राजश्व परिचालनका नीतिहरु देहाय बमोजिम हुनेछन्:

- राजश्व करले होइन रहरले तिर्ने वातावरण सिर्जना गर्ने
- कर तिर्नु पर्छ भन्ने वातावरण बनाउन स्थानीय स्तरमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने
- करको दर वृद्धि गर्ने भन्दा पनि दायरा विस्तार गर्नुमा जोड दिने
- करको आधार र क्षेत्रहरु विस्तार गर्ने
- आर्थिक साक्षरता र वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने
- गाउँपालिकाको राजश्व विषयमा परामर्श प्राप्त गर्नको लागि विज्ञको सेवा लिने
- राजश्व प्रशासनलाई आधुनिक प्रविधिमैत्री, करदातामैत्री, मितव्ययी र पारदर्शी बनाउने
- करदाता शिक्षा कार्यक्रमलाई प्रर्वद्धन गर्ने
- कर निर्धारण गर्दा समन्यायको सिद्धान्तलाई आत्मसाथ गर्ने
- कर प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्ने
- प्रत्येक वडाबाट संकलन हुने विभिन्न कर, सेवा शूल्क तथा दस्तुरको शीर्षकगत रुपमा छुट्टाछुट्टै विवरण प्राप्त गर्ने व्यवस्था गर्ने
- कर प्रशासनमा संलग्न कर्मचारीहरुका लागि कर प्रशासनमा सुधार सम्बन्धी क्षमता विस्तारका तालिम कार्यक्रम सञ्चालन गर्ने
- कर छली, कर चुहावट तथा करको हिनामिनाको सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

सभाध्यक्ष महोदय,

गत आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आय व्यय, चालु आर्थिक वर्ष २०७६/०७७को आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आय व्यय यसै साथ संलग्न अनुसूचीहरुमा उल्लेख गरेको छु ।

यो बजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने यस गाउँपालिकाका सम्मानित अध्यक्षज्यू, ६ ओटै वडाका सम्मानित वडा अध्यक्षज्यूहरु, कार्यपालिका र सभाका सम्मानित सदस्यज्यूहरु, यस गाउँपालिकाका कार्यपालिकाका कर्मचारी साथीहरु, राजनीतिक दलका शीर्षनेताज्यूहरु, नागरिक समाज, अर्थ तथा योजना विद्, निजि क्षेत्र तथा सहकारी क्षेत्रका विद्वत वर्ग तथा महानुभावहरुको रचनात्मक सुझाव, सल्लाह र प्रेरणाको लागि धन्यवाद ज्ञापन गर्दछु । अन्तमा, गोसाईकुण्ड गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहयोग पुर्याउने स्थानीय करदाता, संघ र प्रदेश सरकार, राष्ट्रिय अन्तर्राष्ट्रिय विकास साझेदारी प्रति आभार प्रकट गर्न चाहान्छु । र, यो बजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दछु । दिगो शान्ति, सुशासन,

विकास र समृद्धिको आकांक्षा पुरा गर्न सवल, सक्षम, समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्ने अभियानमा सक्रिय सहभागि हुनको लागि सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई हार्दिक आह्वान गर्दछु ।

# धन्यवाद !

# अनुसूची १

आगामी आ.व. २०७६/०७७ को अनुमानित आय तर्फ रु(हजारमा)

| राजश्व संकेत | राजश्व आधार, शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व.को संशोधित अनुमानित आय | आगामी आ.व.को अनुमानित आय |
|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पत्ती कर | | | ५० |
| ११३१४ | भुमीकर/ मालपोत | | | १०० |
| ११३२५ | घर जग्गा रजिष्ट्रेशन | | | ७०० |
| ११३२१ | घर बहाल कर | | | ६०० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | १५०० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | १५०० |
| १४१५६ | बाँडफाँडबाट प्राप्त भई दहत्तर वहत्तर बाट प्राप्त | | | १०० |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | | | १०० |
| १४२१३ | अन्त बिक्रीबाट प्राप्त रकम | | | ५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | | | १५० |
| १४२४२ | नक्सापास दस्तुर | | | ३५० |
| १४२४३ | शिफारिस दस्तुर | | | १५० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | | | १० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | १० |

| | | | | |
|---|---|---|---|---|
| १४२४<br>९ | अन्य दस्तुर | | | १७० |
| १४२५<br>३ | व्यवसाय रजिष्ट्रेशन | | | २० |
| | परीक्षा शूल्क | | | २० |
| १४५२<br>९ | अन्य राजश्व | | | ५०० |
| १४६१<br>१ | व्यवसाय कर | | | ३८० |
| | संघ समानीकरण अनुदान | | | ७९९०० |
| | संघ शसर्त अनुदान | | | १२८९०० |
| | संघ राजश्व बाँडफाँड तर्फ | | | ५९७०२ |
| | प्रदेश समानीकरण | | | ९९६२ |
| | प्रदेश शसर्त अनुदान | | | १४६९२ |
| | प्रदेश राजश्व बाँडफाँड | | | १२६०० |
| | प्रदेश समपूरक अनुदान | | | ५००० |
| | प्रदेश विशेष अनुदान | | | ५००० |
| | नगद | | | ८९८७९ |
| कुल जम्मा | | | | **४११०२६** |

# अनुसूची -२

आ.व. २०७७/०७८ को अनुमानित व्यय तर्फ रु (हजारमा)

| क्र.स. | खर्च शीर्षक | निसर्त अनुमानित व्यय | शसर्त तर्फ अनुमानित व्यय | अनुमानित जम्मा व्यय |
|---|---|---|---|---|
| १ | चालु | ७६२९८ | १२८२१४ | २०४५१२ |
| | पुँजी | १७११७४ | ३५३४० | २०६५१४ |
| | **जम्मा** | | | **४११०२६** |

| क्र.स. | क्षेत्र | उपक्षेत्र | निसर्त तर्फ अनुमानित व्यय | संघको शसर्ततर्फ अनुमानित व्यय | प्रदेशको शसर्त तर्फ अनुमानित व्यत | प्रदेश विशेष अनुदान | प्रदेश समपुरक | जम्मा अनुमानित व्यय |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामाजिक विकास | शिक्षा | ३९०० | ७४६०० | १६९ | ० | ० | ७८६६९ |
| | | स्वास्थ्य | ५२६४ | २९३०० | २०५१ | ० | ० | ३६६१५ |
| | | खानेपानी तथा सरसफाई | १८४०० | ० | ४००० | ० | ५००० | २७४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | भाषा तथा संस्कृति तर्फ | ३३२४४ | ० | ० | ० | ० | ३३२४४ |
| | | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | २५०० | ३०० | ० | ० | ० | २८०० |
| | | युवा तथा खेलकुद | ९०९० | १०० | ० | ० | ० | ९१९० |
| | | सामाजिक सुरक्षण तथा संरक्षण | ११०० | ६७०८ | ९७२ | ० | ० | ८७८० |
| | | **जम्मा** | **७३४९८** | **१०३८०८** | **७१९२** | **०** | **५०००** | **१९६६९८** |
| २ | आर्थिक विकास | कृषि | ९३०० | ७८०० | ५०० | ० | ० | १७६०० |
| | | उद्योग | १३०० | ३००० | ० | ० | ० | ४३०० |
| | | पर्यटन | ४३५० | ५०० | ० | ० | ० | ४८५० |
| | | सहकारी | २५० | ० | ० | ० | ० | २५० |
| | | पशुपन्छी विकास | ७००० | ० | १००० | ० | ० | ८००० |
| | | जलश्रोत तथा सिंचाई | ० | ५०० | ० | ० | ० | ५०० |
| | | भूमि व्यवस्था | ० | १०० | ० | ० | ० | १०० |
| | | **जम्मा** | **२२२००** | **११९००** | **१५००** | **०** | **०** | **३५६००** |
| ३ | पूर्वाधार विकास | यातायात पूर्वाधार | ३०५०३ | ३००० | २००० | ० | ० | ३५५०३ |
| | | भवन, आवास तथा सहरी विकास | ४२२०३ | ० | ४००० | ० | ० | ४६२०३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | उर्जा | २००० | ५०० | ० | ० | ० | २५०० |
| | | सम्पदा पूर्वाधार | १५००० | ० | ० | ० | ० | १५००० |
| | | विज्ञान तथा प्रविधि | ७०० | ० | ० | ० | ० | ७०० |
| | | **जम्मा** | **९०४०६** | **३५००** | **६०००** | **०** | **०** | **९९९०६** |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | वातावरण तथा जलवायु | ३०० | ० | ० | ० | ० | ३०० |
| | | विपद व्यवस्थापन | ३००० | ० | ० | ० | ० | ३००० |
| | | शान्ति तथा जलवायु | ० | २९०० | ० | ० | ० | २९०० |
| | | **जम्मा** | **३३००** | **२९००** | **०** | **०** | **०** | **६२००** |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | | ७३०३१ | ७४५ | ० | ० | ० | ७३७७६ |
| | **कुल जम्मा** | | **७३०३१** | **७४५** | **०** | **०** | **०** | **७३७७६** |
| **कुल जम्मा** | | | | | | | | **४११०२६** |